प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/२/१

आज प्रदेश स्वास्थ्य तालिम केन्द्र पोखरामा माननीय सामाजिक विकास मन्त्री नरदेवी पुन मगर ज्यू, सचिव श्री डिल्लीराम शर्माज्यू, प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्र तथा स्वास्थ्य तालिम केन्द्रका निर्देशक श्री खिम बहादुर खड्का ज्यू, सामाजिक विकास मन्त्रालय, नीति योजना कानुन मापदण्ड तथा जनस्वास्थ्य महाशाखा प्रमुख श्री शम्भु ज्ञवालीज्यू, अस्पताल विकास महाशाखा प्रमुख डा. राम बहादुर के.सी ज्यू लगायत सम्मिलित बैठक सम्पन्न भयो। बैठकमा आगामी आर्थिक वर्षको लागि स्वास्थ्य क्षेत्रको योजना तर्जुमा तथा कार्यक्रम निर्माण सम्बन्धी छलफल तथा अन्तरक्रिया भएको थियो। यसै गरि सामाजिक विकास मन्त्रालय, नीति योजना मापदण्ड कानुन तथा जनस्वास्थ्य महाशाखाको आयोजनामा गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रमा कार्यरत साझेदार  संस्थाका प्रतिनिधिहरूसँग भएको भर्चुअल बैठकमा माननीय मन्त्रीज्यू तथा सचिवज्यूले सम्बोधन गर्नुभएको थियो।

गण्डकी प्रदेशको नवलपरासी (व.सू.पू) देवचुली न. पा -१२ ठेगाना भएका एक जना ४९ वर्षीय पुरुषमा आज कोभिड - १९ को नयाँ संक्रमण देखा परेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार, कोभिड - १९ प्रयोगशाला भरतपुरमा गरिएको परिक्षणमा उनमा संक्रमण पुष्टि भएको हो।

अहिलेसम्म गण्डकी प्रदेशमा ७६७ जनाको नमुना संकलन भएको छ जसमा ७३६ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ  र २९ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६८४५ जनामा RDT परिक्षण गरिएको छ।

डा विनोद विन्दु शर्मा
निर्देशक

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com